द.न. ९९९/०६०/०६१ आबद्धता नं १७७०९ VAT NO. 301912468

# मित्र धनुषा जनकपुरधाम

# THE FRIENDS OF DHANUSHA, JANAKPURDHAM

चलानी नं. ८० मिति : २०७८-६-१९

पत्र संख्या : २०७८/०७९

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :२०७८ आश्विन १९ गते मंगलवार

सुरक्षित आप्रवासन नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षिय परियोजना हो । यो परियोजना श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नितिगत पहल प्रदेश नं. २ सरकारको समन्वय, स्थानीय सरकारहरु (जनकपुरधाम उप महानगरपालिका, शहिदनगर नगरपालिका, गणेशमान चारनाथ नगरपालिका र धनौजी गाँउपालिका) को नेतृत्वमा संचालित छ । परियोजनालाई स्वीस सरकार विकासको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराई रहेको छ । धनुषा जिल्लामा संचालित सुरक्षित आप्रवासन (सामी) परियोजना तेश्रो चरण कार्यान्वयन भईरहेको छ । यस अन्तर्गत बैदेशिक रोजगार सम्वन्धि आप्रवासी श्रोत केन्द्र संचालन गर्न तथा समुदाय सचेतीकरण, मनोसामाजिक परामर्श सेवा र आप्रवासी कामदार तथा तिनका परिवारहरुको क्षमता विकास सम्वन्धि कृयाकलापहरु संचालनको लागि स्थानिय सरकारहरु र सेवा प्रदायक संस्था मित्र धनुषा जनकपुरधाम बीच भएको सम्झौता अनुसार तपसिलको जनशक्ति आवश्यक भएको हुदाँ निम्नअनुसार योग्यता पुगेका इच्छुक व्यक्तिहरुवाट दरखास्त आह्वान गरिन्छ ।

| पद | आवश्यक संख्या | न्युनतम योग्यता |
|---|---|---|
| सूचना तथा परामर्शकर्ता (महिला) | १ (एक) जना, जनकपुरधाम उप-महानगरपालिकाको लागि | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेका (स्नातकलाई विशेष ग्राह्यता दिईने), परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा जिल्लामा चलनचल्तिको स्थानीय भाषा जानेकोलाई प्राथमिकता दिईनेछ ।<br>सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा सही सूचना तथा परामर्श सेवा प्रदान गर्न सक्ने, सम्बन्धित सरोकारवालाहरुसँग राम्रो समन्वय गर्न सक्ने,<br>MS Word, Excel को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा राम्रो टाइप Speed भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने । |
| मनोसामाजिक परामर्शकर्ता (महिला) | १(एक) जना गणेशमान चारनाथ नगरपालिकाको लागि<br>१(एक) जना जनकपुरधाम उप-महानगरपालिकाको लागि<br>(ज.उ.म.न.पा.का को लागि सुचना दोस्रो पटक प्रकाशित गरिएको छ। प्रथम पटक आवेदन दिई सकेको उम्मेदवारले फेरी आवेदन दिनु पर्दैन ।) | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको, मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धि आधारभूत तालिम लिएको वा परामर्श सम्वन्धि १ वर्षको अनुभव ।<br>स्कुटर/मोटर साईकल चालक अनुमति पत्र प्राप्त भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>उमेरको हद : कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ देखि ४० बर्ष उमेर समुहलाई प्राथमिकता दिईने छ । महिलाले मात्र आवेदन गर्न पाउने छ ।<br>MS Word, Excel, Power point को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा राम्रो टाइप Speed भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने । |
| रीटर्नी (वैदेशिक रोजगारबाट फर्कि आएका) स्वयम् सेवक | १ (एक) जना जनकपुरधाम उप महा नगरपालिका वडा नम्वर २३ को लागि<br>२ (दुई) जना गणेशमान चारनाथ नगरपालिका वडा नम्वर १ र ३ को लागि | न्यूनतम कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । महिला रिटर्नीलाई बिशेष प्राथमिकता दिईनेछ । |
| आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु | माथि उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, २ जना सन्दर्भ व्यक्ति (Reference person) हरुको नाम सम्पर्क फोन नम्वर र इमेल सहितको व्यक्तिगत विवरण (Bio-Data) , शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, तालिम तथा कार्यअनुभव पत्रहरुको प्रतिलिपि र १ प्रति पासपोर्ट साइजको फोटो र रिटर्नी स्वयसेवकको हकमा बैदेशिक रोजगारीमा गएर कार्य गरेको प्रमाणित हुने कागजपत्रहरु (पासपोर्ट, भिजा, अकामा आदिको प्रतिलिपि र १ प्रति पासपोर्ट साइजको फोटो सहित आफुले आवेदन गर्न चाहेको पद र स्थानीय तह प्रष्ट रुपमा खुलाई सम्पूर्ण कागज पत्रहरुमा सक्कल बमोजिम नक्कल ठिक छ भनी स्व:प्रमाणित गरी पेश गर्नु पर्नेछ | |
| आवेदन दिने अन्तिम मिति | सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा र अन्तिम दिन बिदा परे सोको भोली पल्ट । | |
| आवेदन पेश गर्ने स्थान | मित्र धनुषा जनकपुरधाम, जनकपुरधाम ४ (नेपाल स्काउट अफिस, बिषहरा पोखरीको पश्चिम डिल), फोन नं ०४१ ४२६५०१ | |
| तोकिएको मिति भित्र पर्न आएको आवेदकहरुको संक्षिप्त सूची (Short List) तयार पारिनेछ साथै संक्षिप्त सूचीमा परेका आवेदकहरुलाई मात्र लिखित, मौखिक तथा प्रस्तुतीकरणको प्रक्रियामा समावेश गरिनेछ । साथै, पद तथा कामको प्रकृती र गाम्भीर्यतालाई मध्यनजर गर्दै कम्प्युटर (Computer) बिधिबाट समेत परीक्षा लिईनेछ । | | |
| कुनै पनि आवेदन वा सम्पुर्ण आवेदनहरु अस्वीकार गर्ने अधिकार मित्र धनुषा जनकपुरधाम संस्थामा सुरक्षित रहनेछ । | | |
| मित्र धनुषा जनकपुरधाम संस्था तथा कार्यक्रमले कर्मचारीमा विविधताको प्रवर्द्धन गर्दछ र कर्मचारीको छनौटमा महिला तथा दलित, जनजाति, मधेशी तथा अन्य अल्पसंख्यक समुदायका उम्मेदवारहरुको समावेशीकरणको लागि साकारात्मक विभेदको आधारमा विशेष गाह्यता प्रदान गर्दछ । | | |

...................

रघुविर राय

अध्यक्ष

ठेगाना : जनकपुरधाम-४, बिषहरा चौक, बिषहरा पोखरीको पश्चिम दक्षिण डिल, फोन नं ०४१-४२६५०१
E-mail: mitradhanusha@gmail.com